HN/02/April-May/2025

# BELIEVERS EASTERN CHURCH

World Headquarters, St. Thomas Community,
Thiruvalla – 689 103 Kerala, India.

## गोठालोको पत्र

अप्रिल/ मे २०२५

**मेरा प्यारा गोठाला र पवित्र चर्चका सम्पूर्ण विश्वासी जनहरु,**

हाम्रा प्रभु र मुक्तिदाता येसु ख्रिस्टको ✠ अनुग्रह, दया र शान्ति तपाईंहरु सबै जनामा रहिरहोस्। आमेन!

आज म तपाईंहरुका ध्यान हाम्रो चर्चको इतिहासमा भएको एउटा धेरै महत्त्वपूर्ण क्षणतर्फ आकर्षित गर्न चाहन्छु: यो हाम्रा धन्य स्मरणीय दिवङ्गत मेट्रोपोलिटन पिता, अथनेसियस योहन प्रथमको, प्रथम स्मृति दिवस हो। उहाँले अनन्त विश्राममा प्रवेश गर्नुभएको, ८ मे २०२५ मा, एक वर्ष हुन्छ।

एउटा चर्च भएको नाताले हाम्रा निम्ति यस दुनियाँबाट, उहाँको प्रस्थानलाई बुझ्न निश्चित रुपले कठिन छ, तैपनि उहाँको स्मृतिलाई जीवित राख्ने सौभाग्य हामीलाई प्राप्त भएको छ। उहाँले दिनुभएका शिक्षाअनुसार जीवन बिताएर, उहाँले सुरु गर्नुभएको कामलाई निरन्तरता दिएर, र त्यो अर्को पुस्तालाई हस्तान्तरण गरेर— उहाँको जीवनलाई अनुकरण गर्न म तपाईंहरु सबैमा विनम्र निवेदन गर्दछु। यो जिम्मेवारी बोझ होइन, तर हामी प्रत्येकका लागि एउटा ठुलो आनन्द र सम्मान हो— जसलाई हामीले उत्साह र प्रतिबद्धतासाथ स्वीकार गर्नुपर्छ।

पवित्र चर्चले, हाम्रा धन्य स्मरणीय दिवङ्गत मेट्रोपोलिटन पिता, अथनेसियस योहन प्रथमको, प्रथम स्मृति दिवसको लागि तयार गरिरहेको छ। र हामी सबैले यस पवित्र स्मृतिमा आफ्नो हृदय र मन दुबैलाई सामेल गर्नुपर्छ। एउटा स्थानीय चर्चको रुपमा, प्रार्थना चढाउन र हाम्रा धन्य स्मरणीय दिवङ्गत आत्मिक पिताको जीवन र विरासतको निम्ति सर्वशक्तिमान् परमेश्वरलाई धन्यवाद प्रदान गर्न एकसाथ भेला हुनुहोस्। कृपया, यस स्मृति दिवसलाई आफ्नो घरभित्र सीमित नराख्नुहोस्। बरु एक कदम अगाडि बढ्नुहोस्, र उहाँको स्मृतिलाई कार्यमा परिणत गर्नुहोस्, जसरी हाम्रा धन्य स्मरणीय दिवङ्गत मेट्रोपोलिटन पिताले हामीलाई, प्रेम र करुणाको साथमा, खाँचोमा परेको संसारको सेवा गर्न सिकाउनु र देखाउनुभयो।

तपाईंको आत्मिक पिताको रुपमा, म तपाईंको ध्यान, हाम्रा धन्य स्मरणीय दिवङ्गत मेट्रोपोलिटन पिताको जीवनशैलीका प्रमुख पक्षहरुतिर आकर्षित गर्न चाहन्छु, यसैले कि हामीले तिनीहरुलाई— यस विशेष दिनमा मात्र होइन, तर हरेक दिन, आफ्नो जीवनमा उतार्न सकौं।

१. **करुणा र दानका कार्यहरु:** हाम्रा दिवङ्गत पिताको हृदय गरिब, बिरामी र बिर्सिएका मानिसहरुप्रति चुर्ण बनेको थियो, र उहाँले तिनीहरुलाई ख्रिस्टले झैं प्रेम गर्न त्याग गर्नुभयो। उहाँको स्मृतिमा, चाहे परोपकारमार्फत होस्, बिरामीहरुलाई भेटेर होस्, वा तपाईंको समुदायभित्र दयालु कार्यहरु गरेर होस्— तपाईं खाँचोमा हुने मानिसहरुसम्म पुग्नुहोस्, भनेर म तपाईंलाई नम्र निवेदन गर्न चाहन्छु।

२. **दैनिक प्रार्थना र मनन:** हाम्रा दिवङ्गत पिताले हामीलाई एउटा चर्चको रुपमा, निरन्तर प्रार्थना गर्न र आफ्नो दैनिक जीवनमा येसुको प्रार्थनालाई सामेल गर्न प्रोत्साहन गर्नुभयो। आउनुहोस्, हामी व्यक्तिगत प्रार्थना, पारिवारिक प्रार्थना, ईश्वरीय लिटर्जीमा सहभागिता र निष्ठापूर्वक येसुको प्रार्थना गरेर, प्रार्थनाको गहिरो जीवनको निम्ति प्रतिबद्ध बनौं।

३. **चर्च र समुदायको सेवा:** हाम्रा दिवङ्गत पिताले पवित्र चर्चलाई आफ्नो पूरा हृदयले प्रेम गर्नुभयो र यसको निर्माणको निम्ति अथक रुपले सेवा गर्नुभयो। उहाँले हमेसा भन्नुभयो, "चर्चको बारेमा सोचविचार गर्नू!" आउनुहोस्, हामी आफ्नो चर्चको वृद्धिविकासको निम्ति, र त्यसको माध्यमद्वारा, हाम्रो समुदायको भलाइको निम्ति हाम्रो समय र प्रतिभा प्रदान गरेर, उहाँका कार्यहरुलाई जारी राखौं। स्थानीय चर्चका कार्यहरुमा सहायता गरेर, चर्चको सेवाका कार्यहरुमा सहायता पुऱ्याएर, र मिसनका कार्यहरुमा सहयोग प्रदान गरेर— सानो र ठुलो दुबै तरिकाले, सेवा गर्नको निम्ति हाम्रा लागि असङ्ख्य अवसरहरु रहेका छन्।

४. **भविष्यका पुस्ताहरुका निम्ति विश्वासलाई सुरक्षित राख्न:** हाम्रा दिवङ्गत पिताले बालबालिकालाई प्रेम गर्नुहुन्थ्यो र तिनीहरुलाई हमेसा प्राथमिकता दिनुहुन्थ्यो। आउनुहोस्, हामी सन्डे स्कुल, बिलिभर्स युथ, दिदीबहिनी सङ्गति, चर्चको मौलिक शिक्षाहरु, प्रार्थना र अनुकरणीय जीवन जिउने कुराका माध्यमद्वारा भावी पुस्तालाई पवित्र चर्चको जीवन हस्तान्त्रण गर्न प्रतिबद्ध हुन सकौं। आउनुहोस्, हाम्रा दिवङ्गत पितालाई सुदृढ तुल्याएको र हाम्रो चर्चलाई आकार दिएको विश्वासले नै हाम्रो भावी पुस्तालाई पनि सदृढ तुल्याओस् र आकार प्रदान गरोस्, भन्ने कुराप्रति हामी सुनिश्चित बनौं।

मेरा प्रिय दाजुभाइ तथा दिदीबहिनी, म तपाईंसँग नम्र निवेदन गर्दछु, तपाईं सुन्ने मात्र होइन, तर धेरै महत्त्वपूर्ण रुपले, वचन पालन गर्ने हुनुहोस्। हामीले आफ्नो चर्चका पिता, मेट्रोपोलिटन अथनेसियस योहन प्रथम, धन्य स्मरणीयको जीवनशैलीलाई पूर्ण हृदयले अपनाऔं।

र यो याद राखौं, हामीलाई येसुका हात, मुख र पाउहरु बनेर— अरुका सेवा गर्न र ख्रिस्टको चित्रलाई प्रतिबिम्बित गर्न बोलाइएको हो, जुन हामीमा छाप लगाइएको छ। आउनुहोस्, हामी निरन्तर ख्रिस्टजस्तै बनौं।

उहाँको स्मृति सदाको निम्ति भइरहोस्!

पवित्र त्रिएकः पिता, पुत्र र पवित्र आत्माले हामी सबैलाई प्रशस्त अनुग्रह र दयाले मार्गदर्शन गरुन्, र सबै सन्त र पवित्र माता थिओटोकोसका मध्यस्थ-बिन्तीले परमेश्वरको सिंहासनको सामुन्ने हाम्रो रक्षा गरुन्, अहिले र सदासर्वदा ✠ आमेन।

पितृत्वपूर्ण प्रेम र प्रार्थनाको साथमा,

मोरान मोर समुएल थिओफिलस मेट्रोपोलिटन

**मिति :** ११ फेब्रुअरी २०२५
**स्थान :** विश्व चर्च मुख्यालय

---

**निर्देशन:** कृपया यो सुनिश्चित गरियोस्, कि यो पत्र सबै क्षेत्रीय भाषामा अनुवाद गरियोस्, र सबै विश्वासीहरुका प्रोत्साहनका लागि सबै स्थानीय चर्चहरुमा वाचन गरियोस्।